विशेष अदालत
काठमाडौं
२०५९

# विशेष अदालतबाट जारी भएको
# सूचना

नयाँ भेरियन्टसहितको कोरोना भाईरसको संक्रमण देशका विभिन्न भूभागमा तीव्रगतिमा फैलिएका कारण यस अदालतबाट सम्पादन हुने कामकारवाही र सेवाप्रवाह स्थगनसहित व्यवस्थापन गरिँदै आएकोमा श्री सर्वोच्च अदालतको मिति २०७८।०३।३१ को पूर्ण वैठकको निर्णयलाई मार्गदर्शनको रूपमा लिँदै २०७८ साउन ३ गते बसेको यस अदालतको पूर्ण वैठकले स्वास्थ्य सुरक्षासम्बन्धी निर्धारित मापदण्डको पूर्णपालना हुने गरी प्रवाह गरिने सेवाका सम्बन्धमा देहायबमोजिम निर्णय गरेको छ।

१. मिति २०७८।०१।१५ देखि मिति २०७८।०४।१४ सम्मको अवधिमा यस अदालतमा हदम्याद, म्याद, तारिखमा उपस्थित हुनुपर्ने काठमाडौं उपत्यकाभित्रका सेवाग्राहीहरु मिति २०७८।०४।१५ देखि बाटाको म्याद बाहेक ३० (तीस) दिनभित्र उपस्थित हुने।

२. मिति २०७८।०१।१५ देखि मिति २०७८।०४।१४ सम्मको अवधिमा यस अदालतमा हदम्याद, म्याद र तारिखमा उपस्थित हुनुपर्ने काठमाडौं उपत्यकाबाहिर एवम् विदेशमा रहनु भएका सेवाग्राहीहरु मिति २०७८।०४।१५ देखि बाटाका म्याद बाहेक ३० (तीस) दिनभित्र उपस्थित हुने।

३. मिति २०७८।०१।१५ देखि मिति २०७८।०४।१४ सम्मको अवधिको हदम्याद, म्याद र तारिख थाम्ने थमाउने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको बृहतपूर्ण इजलासको मिति २०७७।०२।१५ को आदेशबमोजिमको सुविधा मिति २०७८।०४।१५ देखि लागू हुने।

४. यस अदालतबाट प्रवाह भैरहेका सेवाहरूमा निरन्तरता दिँदै मिति २०७८।०४।१५ देखि सबै प्रकारका सेवाहरु पूर्ण रुपमा सुचारु गर्ने।

मिति : २०७८।०४।०३

पुष्पराज पाण्डेय
प्रवक्ता